तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०　　संख्याः ०३　　मितिः २०८३/०१/३० गते

**भाग-२**

**तमानखोला गाउँपालिका**

## उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**प्रस्तावना**

तमानखोला गाउँपालिका पशुपालन तथा कृषि क्षेत्रमा प्रशस्त सम्भावना बोकेको गाउँपालिका हो। यहाँका अधिकांश मानिसहरूले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्बन गरेका छन्। कृषि उत्पादनको लागत न्यूनीकरण गर्दै व्यावसायिक कृषकहरूलाई प्रोत्साहन गरी उनीहरूको आयआर्जन वृद्धि गर्न तथा सरकारी अनुदानमा वास्तविक उत्पादकहरूको पहुँच सुनिश्चित गर्न आवश्यक तथा उत्पादनमा आधारित अनुदानलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र तमानखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी तमानखोला गाउँकार्यपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तमानखोला गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) **"कार्यक्रम"** भन्नाले कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्झनु पर्छ।

(ख) **"गाउँपालिका"** भन्नाले तमानखोला गाउँपालिकालाई सम्झनु पर्छ।

(ग) **"कार्यपालिका"** भन्नाले गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ।

(घ) **"कार्यालय"** भन्नाले तमानखोला गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ङ) **"समिति"** भन्नाले यस कार्यविधि बमोजिम तमानखोला गाउँपालिकामा गठित उत्पादनमा आधारित अनुदान व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) **"अध्यक्ष"** भन्नाले तमानखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(छ) **"उपाध्यक्ष"** भन्नाले तमानखोला गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले तमानखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(झ) **"शाखा"** भन्नाले तमानखोला गाउँपालिकाको कृषि विकास र पशुपन्छी विकास शाखा सम्झनु पर्छ।

(ञ) **"व्यावसायिक फार्म"** भन्नाले तमानखोला गाउँपालिकाको कृषि तथा पशुपन्छी फर्म तथा समूह गठन, दर्ता तथा सञ्चालन कार्यविधि, २०८२ बमोजिम व्यवसाय दर्ता गरी कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक उत्पादनमा संलग्न फर्म तथा समूह र सहकारी संस्थालाई जनाउँछ।

(ट) **"उत्पादक"** भन्नाले यस कार्यविधिको दफा ५ को उपदफा २ बमोजिमका कृषि तथा पशुपन्छीजन्य वस्तुको उत्पादन गर्ने कृषक, कृषि तथा पशुपन्छी फार्म/समूह/सहकारीलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था, भूमिका तथा जिम्मेवारी

**३. उत्पादनमा आधारित अनुदान व्यवस्थापन समितिः**

(१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि निम्न बमोजिमको उत्पादनमा आधारित अनुदान व्यवस्थापन समिति गठन गरिनेछः

(क) अध्यक्ष — संयोजक,

(ख) उपाध्यक्ष — सदस्य,

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य,

(घ) आर्थिक विकास समिति संयोजक — सदस्य,

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य,

(च) कृषि/पशुपन्छी विकास शाखा प्रमुख — सदस्य,

(छ) कृषि/पशुपन्छी विकास शाखा प्रमुख— सदस्य सचिव।

(२) उपदफा (१) बमोजिमको समितिमा कृषि विकास शाखा र पशुपन्छी विकास शाखाका शाखा प्रमुख मध्ये ज्येष्ठताको आधारमा समितिको सदस्य सचिव रहनेछ।

(३) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) अनुदानको मापदण्ड र अनुदान रकम निर्धारण गर्ने सम्बन्धमा आवश्यकता अनुसार परिमार्जनका लागि सिफारिस गर्ने,

(ख) शाखाले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा लाभग्राहीहरूको छनौट गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका लागि शाखालाई आवश्यक निर्देशन दिने,

(घ) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित विषयमा आवश्यक सुझाव र सल्लाह दिने।

**४. शाखाको काम, कर्तव्य र अधिकारः**

(क) प्राप्त आवेदनहरूको प्रारम्भिक मूल्याङ्कन गरी प्राविधिकको संलग्नतामा स्थलगत अनुगमन तथा प्रमाणीकरण गर्ने,

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(ग) सञ्चालित कार्यक्रमको प्रतिवेदन तयार गर्ने,

(घ) तोकिएका अन्य कार्य गर्ने।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रक्रिया

**५. कार्यक्रम कार्यान्वयन हुनेः**

(१) यो कार्यक्रम कृषिजन्य उत्पादन र पशुपन्छीजन्य उत्पादनका लागि कार्यान्वयन गरिने छ।

(२) कृषिजन्य उत्पादन अन्तर्गत सिमी, आलु, स्याउ, किवी, र घरपालुवा महको उत्पादनका लागि अनुदान उपलब्ध गराइने छ।

(३) पशुपन्छीजन्य उत्पादन अन्तर्गत वयस्क भेडा साँड, खसी/बोका, बंगुर र राँगोको उत्पादनका लागि अनुदान उपलब्ध गराइने छ।

**६. कार्यक्रम कार्यान्वयन प्रक्रियाः**

(१) गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा व्यवस्था भएको बजेटको आधारमा यो कार्यक्रम सञ्चालन गरिनेछ। कार्यक्रम कार्यान्वयनको गर्ने क्रममा बजेट आभाव भएमा कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिका बाध्य हुने छैन।

(२) यो कार्यक्रम अनुसूची-१ मा उल्लेख भएबमोजिमका वस्तु, उत्पादन मापदण्ड र अनुदान रकम बमोजिम कार्यान्वयन हुनेछ।

(३) प्रत्येक आर्थिक वर्षमा एक पटक कार्यालयले उक्त आर्थिक वर्षभरी लागू हुने गरी यो कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक उत्पादकले अनुसूची-२ बमोजिमको ढाँचामा शाखामा आवेदन पेश गर्न सक्नेछन्।

(५) उपदफा (४) बमोजिम आवेदन दिने उत्पादकले आवेदनका साथै अनुसूची-३ बमोजिमको ढाँचामा आफ्नो उत्पादनको स्थलगत प्राविधिक अनुगमन तथा उत्पादन प्रमाणीकरण गरी पाउँ भनी शाखामा निवेदन पेश गर्नु पर्नेछ।

(६) आवेदन पेश गर्दा अनुसूची-४ बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ।

(७) शाखाले आवेदन प्राप्त भएको १ महिना भित्र सम्बन्धित प्राविधिकको संलग्नतामा स्थलगत अनुगमन गरी अनुसूची-१ बमोजिमका मापदण्डहरु पूरा भए/नभएको यकिन गरी प्रमाणीकरण गर्नेछ र अनुसूची-५ बमोजिमको ढाँचामा समिति समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गर्नेछ।

(८) समितिले उपदफा (७) बमोजिम प्राप्त भएको कार्य सम्पन्न प्रतिवेदनको आधारमा आवेदकहरुको मूल्याङ्कन गरी अनुदानका लागि छनौट गर्नेछ।

(९) उपदफा (८) बमोजिम छनौट भएका लाभग्राहीहरूलाई गाउँपालिकाले प्रचलित कानुन बमोजिम लाभग्राहीको बैंक खाता मार्फत अनुदान रकम भुक्तानी गर्नेछ।

(१०) कार्यक्रम अन्तर्गत एक पटकको उत्पादनको लागि एक पटक मात्र अनुदान दिइनेछ। एउटै उत्पादनमा दोहोरो अनुदान (Duplication) लिन/दिन पाइने छैन।

(११) गाँउपालिकाबाट कुनै पनि अनुदान प्राप्त नगरेका व्यावसायिक फर्महरूलाई छनौटमा प्राथमिकता दिइनेछ।

**७. अनुदानमा कर कट्टीः**

उत्पादक व्यावसायिक फार्म भएको अवस्थामा अनुदानमा कर कट्टी गरिने छैन। अन्य उत्पादकको हकमा अनुदानको १०% रकम नियमानुसार कर कट्टी गरिने छ।

**८. स्वः घोषणाः**

आवेदन पेश गर्ने उत्पादकले आवेदनसँगै अनुसूची-६ बमोजिमको स्वः घोषणा पत्र पेश गर्नु पर्नेछ।

## परिच्छेद-४
## कार्यक्रमको अनुगमन, निरीक्षण तथा प्रतिवेदन

**९. प्रगति प्रतिवेदनः**

(१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको अनुगमन, निरीक्षण तथा प्रतिवेदन गर्ने मुख्य जिम्मेवारी शाखाको हुनेछ।

(२) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरणसहितको वार्षिक प्रतिवेदन शाखाले कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ। आवश्यकता अनुसार अर्धवार्षिक प्रतिवेदन समेत पेश गर्नु पर्नेछ।

(३) सञ्चालित कार्यक्रमको गाँउपालिका अध्यक्ष, अनुगमन समिति तथा कार्यालय प्रमुखबाट समेत सोझै अनुगमन तथा निरीक्षण गर्न सकिनेछ।

## परिच्छेद-५
## विविध

**१०. लाभग्राहिको सूचिबाट हटाउन सक्नेः**

शाखा तथा समितिको सुझाव तथा निर्देशनको पालना नगर्ने र झुठ्ठा विवरण पेश गरेको पाइएमा समितिले त्यस्तो उत्पादकलाई लाभग्राहीको सूचिबाट हटाउन सक्नेछ। सो अवस्थामा कुनै पनि अनुदान रकम भुक्तानी गरिने छैन।

**११. खारेजी तथा बचाउः**

(१) कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८०  खारेज गरिएको छ।

(२) कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्बन्धी कार्यविधि, २०८० अनुसार भए गरिएका कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**१२. प्रचलित कानुन बमोजिम हुनेः**

प्रचलित कानुनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

**१३. बाधा अड्काउ फुकाउने र संशोधनः**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा कार्यपालिकाले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१
## (दफा ६ को उपदफा (२) र (७) सँग सम्बन्धित)
## उत्पादनमा आधारित अनुदान कार्यक्रममा समावेश हुनको लागि आवश्यक मापदण्ड

| क्र.सं. | अनुदान दिइने वस्तु | एकाइ | अनुदानको लागि उत्पादनको मापदण्ड (अनुमानित) | अनुदान रकम (रु) |
|---|---|---|---|---|
| १ | सिमी | के. जी. | २५ - ५० | १००० |
| | | | ५० - ७५ | १५०० |
| | | | ७५ भन्दा बढी | २००० |
| २ | आलु | के. जी. | ५० - १०० | ५०० |
| | | | १०० — १५० | १००० |
| | | | १५० भन्दा बढी | १२५० |
| ३ | स्याउ | के. जी. | ५० - १०० | ३००० |
| | | | १०० - १५० | ६००० |
| | | | १५० भन्दा बढी | ८५०० |
| ४ | किवी | के. जी. | ५० - १०० | ५००० |
| | | | १०० - १५० | ७००० |
| | | | १५० भन्दा बढी | ९००० |
| ५ | मह (घरपालुवा) | के. जी. | १० - २० | ४००० |
| | | | २० - ३० | ७००० |
| | | | ३० भन्दा बढी | ८७५० |
| ६ | भेडा साँड / खसी / बोका / बंगुर | वयस्क संख्या | एक वा सो भन्दा बढी | १००० (प्रति संख्या) |
| ७ | राँगो | वयस्क संख्या | एक वा सो भन्दा बढी | ३००० (प्रति संख्या) |

**अनुसूची-२**
**(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)**
**उत्पादनमा आधारित अनुदान माग गर्ने आवेदनको ढाँचा**

मितिः ...................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
तमानखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बोंगादोभान, बागलुङ।

**विषयः उत्पादनमा आधारित अनुदान उपलब्ध गराईदिनु हुन।**

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट प्रकाशित सूचना अनुसार उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागि हुनको लागि म/हामीले तपसिल बमोजिमको उत्पादन गरी व्यवसाय विस्तार गरेको हुँदा उक्त कार्यक्रममा समावेश गरी दिनु हुन अनुरोध गर्दछु/गर्दछौं। साथै सोका लागि आवश्यक कागजातहरु समेत यसै आवेदनको साथ पेश गरेको व्यहोरा अनुरोध छ।

| क.सं. | अनुदान माग गर्ने उत्पादनको विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

छाप

आधिकारिक व्यक्तिको

हस्ताक्षरः.............................

नामः.................................

पद/ठेगानाः................................................

**अनुसूची-३**
**(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)**
**स्थलगत प्राविधिक अनुगमन तथा उत्पादन प्रमाणीकरण गरी पाउँ भन्ने निवेदनको ढाँचा**

मितिः ....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
तमानखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बोंगादोभान, बागलुङ।

**विषयः स्थलगत प्राविधिक अनुगमन गरी पाउँ।**

महोदय,

प्रस्तुत विषयमा तमानखोला गाउँपालिकाको आर्थिक वर्ष .................... को स्वीकृत कार्यक्रम बमोजिम उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तर्गत ........................................................................ उत्पादन गर्ने कार्य सम्पन्न भई सकेको हुँदा उक्त उत्पादनको स्थलगत प्राविधिक अनुगमन गरी उत्पादनको प्रमाणीकरण गरी दिनु हुन हार्दिक अनुरोध गर्दछु/गर्दछौं।

आवेदक

**अनुसूची-४**
**(दफा ६ को उपदफा (६) सँग सम्बन्धित)**
**आवेदन दिँदा पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. अनुदान माग गर्ने आवेदन (अनुसूचि २),
२. स्थलगत प्राविधिक अनुगमन तथा उत्पादन प्रमाणीकरण गरी पाउँ भन्ने निवेदन (अनुसूचि ३),
३. आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
४. सम्बन्धित वडाले उत्पादन भएको बेहोरा खुलाई यस कार्यक्रममा समावेश गर्न उपयुक्त ठहराएको वडाको सिफारिस,
५. स्वः घोषणा पत्र (अनुसूचि ६),
६. व्यावसायिक फार्मको दर्ता/नविकरण, स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
७. आवेदकको वैंक खाता विवरण,
८. उत्पादन भएको पुष्टि हुने रंगिन तस्विर।

**अनुसूची-५**
**(दफा ६ को उपदफा (७) सँग सम्बन्धित)**
**उत्पादन विवरण तथा कार्य सम्पन्न प्रतिवेदनको नमूना**

क. व्यावसायिक फार्मको नामः
ख. ठेगानाः
ग. सम्पर्क नंः
घ. उत्पादनको विवरणः

| क्र.सं. | उत्पादन भएको वस्तु | | परिमाण |
|---|---|---|---|
| १ | बाली | सिमी | ........................................ के.जी. |
| | | आलु | ........................................ के.जी. |
| | | स्याउ | ........................................ के.जी. |
| | | किवी | ........................................ के.जी. |
| २ | मह (घरपालुवा) | | ....................................... के.जी. |
| ३ | वयस्क पशु | भेडा साँड | ................................ वटा |
| | | खसी | ................................ वटा |
| | | बोका | ................................ वटा |
| | | बंगुर | ................................ वटा |
| | | राँगो | ................................ वटा |

**पेश गर्नेः**

प्राविधिकको नामः ................................

पदः .................................................

हस्ताक्षर .....................

**अनुसूची—६**
**(दफा ८ सँग सम्बन्धित)**
**उत्पादनमा आधारित अनुदान माग गर्ने आवेदकको स्वः घोषणा पत्रको ढाँचा**

मितिः.........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
तमानखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बोंगादोभान, बागलुङ।

विषयः स्वः घोषणा।

महोदय,

म/हामी तमानखोला गाउँपालिका वडा नं. ................... निवासी ............................... ............................................ले तमानखोला गाउँपालिकाको आर्थिक वर्ष ................... को स्वीकृत कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदान कार्यक्रममा अनुदान प्राप्त गर्न दिएको आवेदनमा उल्लेख गरिएको उत्पादन म/हामी आफैले व्यावसायिक फार्ममा उत्पादन गरेको हो र सो उत्पादन अर्को व्यक्ति, व्यावसायिक फार्म वा संस्थाबाट खरिद गरी वा अन्य कुनै माध्यमबाट आफ्नो नाममा पेश गरिएको छैन भन्ने व्यहोरा घोषणा गर्दछु।

मैले घोषणा गरेको व्यहोरा झुठ्ठा ठहर भएमा वा यस कार्यक्रममा समावेश हुने प्रयोजनले झुठ्ठा कागजात पेश गरेको, प्रदान गरिएको अनुदानको रकम दुरुपयोग गरेको, वा अन्य कुनै अनियमितता गरेको पाइएमा म/हामीले प्राप्त गरेको सम्पूर्ण अनुदान रकमको दोब्बर रकम गाउँपालिकाको मागपत्र बमोजिम फिर्ता गर्नेछु/गर्नेछौं र प्रचलित कानुन बमोजिम हुने जस्तोसुकै सजायको भागीदार हुनेछु/ हुनेछौं।

स्वघोषणाकर्ता (आवेदक):

नामः .....................................................

हस्ताक्षरः ..............................................

## अनुदान माग गर्ने आवेदकलाई वडाको सिफारिसको ढाँचा

मितिः..........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
तमानखोला गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
बोंगादोभान, बागलुङ।

विषयः सिफारिस सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा यस तमानखोला गाउँपालिका वडा नं. .......... स्थायी निवासी/स्थित श्री ......................................................ले यस वडा कार्यालयमा दिनु भएको निवेदन अनुसार यस कार्यालयको चालु आ.व. .................... को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यान्वयनको लागि प्रकाशित सूचना अनुसार तपसिल बमोजिमको उत्पादन गरेको हुँदा निज उक्त कार्यक्रमका लागि उपयुक्त रहेको बेहोरा सिफारिसका साथ अनुरोध गरिन्छ ।

तपसिलः

| क्र.सं. | अनुदान माग गर्ने उत्पादनको विवरण | एकाई | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

..................................

वडा अध्यक्ष

| |
|---|
| आज्ञाले,<br>अमित परियार<br>प्रमुख प्रशासकीय अधिकृत |